**प्रस्तावः (मिति २०७६/१०/०३, शुक्रबार, ७३ औं कार्यपालिका बैठक)**

१. नीति निर्माण सम्वन्धमा
२. सडक मापदण्ड निर्धारण सम्वन्धमा
३. आर्थिक सहयोग सम्वन्धमा
४. स्यानिटरी प्याड वितरण तथा व्यवस्थापन समिति गठन सम्वन्धमा
५. सडक मापदण्ड निर्धारण सम्वन्धमा
६. नदिजन्य पदार्थ ओसार पसार जरिवाना सम्वन्धमा
७. कार्यविधि निर्माण सम्वन्धमा
८. 'घ' वर्ग इजाजत पत्र सम्वन्धमा
९. विपश्यना ध्यान तथा चरित्र निर्माण केन्द्र सम्वन्धमा
१०. आचारसंहिता पारित सम्वन्धमा
११. म्याद थप सम्वन्धमा

**निर्णय नं. १ः**

१.१. घोराही उपमहानगरपालिकाको सुशासन नीति निर्माण गरि नीतिको मस्यौदा १० दिन भित्र कार्यपालिकामा पेश गर्न तपशिल बमोजिमको समिति गठन गर्ने ।

तपशिलः
सार्वजनिक सेवा समिति संयोजक : खोपिराम चौधरी : संयोजक
सार्वजनिक सेवा समिति सदस्यः खुसिराम चौधरी : सदस्य
सार्वजनिक सेवा समिति सदस्यः हर्क घर्ती : सदस्य
सार्वजनिक सेवा समिति सदस्य : बिमला गन्धर्व : सदस्य
सामान्य प्रशासन महाशाखा प्रमुख : सदस्य सचिब

१.२ घोराही उपमहानगरपालिकाको लैङ्गिक नीति निर्माण गरि मस्यौदा १० दिन भित्र कार्यपालिकामा पेश गर्न तपशिल बमोजिमको समिति गठन गर्ने ।

तपशिलः
महिला बालबालिका शाखा संयोजक :पशुपति चौधरी : संयोजक
महिला बालबालिका तथा सामाजिक विकास शाखा प्रमुख : सदस्य सचिब

**निर्णय नं. २ः**

घोराही उपमहानगरपालिका क्षेत्रभित्र विशेषतः वडा नं. १४ र १५ मा घनावस्तीका कारण केहि क्षेत्रमा मापदण्ड अनुसारका सडक नभएकोले सडक कालोपत्रे, स्तरोन्नति एवं मर्मत गर्ने सम्वन्धमा निर्माण कार्य अगाडी बढाउन समस्या परेकोले सो सम्वन्धमा छलफल गरियो | उपमहानगर क्षेत्र भित्र वडा नं. १४ र १५ मा पर्ने बजार क्षेत्रका भित्री सडकहरु जहाँ भौतिक संरचना (घर, भवन) पूर्ण रुपमा निर्माण सम्पन्न भैसकेका छन र भौतिक संरचना हटाई सडक फराकिलो बनाउने सम्भावना छैन त्यस्ता भित्री सडकहरुको स्तरोन्नति गर्ने कार्य साविककै अवस्थामा अगाडी बढाउने र उपमहानगरपालिकाको दिर्घकालीन आवश्यकतालाई समेत सम्बोधन गर्ने गरि समग्र उपमहानगरपालिकाका मूल सडक एवं अन्य भित्री सडकको न्यूनतम मापदण्ड निर्धारणका लागि सिफारिस गर्न तपशिल बमोजिमको समिति गठन गर्ने ।

तपशिलः
पूर्वाधार विकास समिति संयोजक : नगर प्रमुख श्री नरुलाल चौधरी : संयोजक
पूर्वाधार विकास समिति सदस्य :वडा नं.२ वडाध्यक्ष : केशवराज आचार्य : सदस्य
पूर्वाधार विकास समिति सदस्य : वडा नं.८ वडा अध्यक्ष : चन्द्र प्रसाद चौधरी : सदस्य
पूर्वाधार विकास समिति सदस्य : वडा नं.१३ वडा अध्यक्ष :रविलाल घर्ती : सदस्य
शहरी तथा पूर्वाधार विकास महाशाखा १ जना प्राविधिक कर्मचारी : सदस्य
शहरी तथा पूर्वाधार विकास महाशाखा प्रमुख : सदस्य सचिव

**निर्णय नं. ३ :**

घोराही उपमहानगरपालिकामा निम्न संस्थाबाट तपशिल बमोजिमका कार्यक्रमका लागि आर्थिक सहयोग माग भै आएको हुँदा देहाए अनुसार आर्थिक सहयोग निम्न शिर्षकबाट दिने ।

| **क्र.स** | **संस्थाको नाम** | **सहयोग रकम रु** | **भुक्तानी शिर्षक** | **कैफियत** |
|---|---|---|---|---|
| १. | नेपाल मगर संघ | ३००००|०० | अन्य संस्था सहायता | |
| २ | गन्धर्व समुदाय (सारंगी दिवश) | ५००००|०० | अन्य संस्था सहायत | |
| ३. | नेपाल कुसुण्डा विकास समाज | ७००००|०० | अन्य संस्था सहायता | |

**निर्णय नं. ४ :**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको मिति २०७६/०९/१४, च.नं. १५१ को पत्रानुसार स्थानीय तहले सेनिटरी प्याड व्यवस्थापनका लागि सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा १४ मा स्थानीय तहस्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समिति गठन गर्ने उल्लेख भएअनुसार तपशिल बमोजिम समिति गठन गर्ने :

तपशिलः

उपप्रमुख : सीता सिग्देल न्यौपाने :संयोजक

कार्यपालिका महिला सदस्य : पवित्रा वि.क.: सदस्य

स्वास्थ्य शाखा अधिकृत : नारायण घर्ती : सदस्य

विद्यालय सम्पर्क व्यक्ति : नारायण पौडेल : सदस्य

विद्यालय सम्पर्क व्यक्ति (महिला): सीता शर्मा : सदस्य

महिला तथा बालबालिका शाखा अधिकृत : मोति कुमारी विश्वकर्मा : सदस्य

शिक्षा युवा तथा खेलकुद महाशाखा प्रमुख : बिनोद गौतम : सदस्य सचिव

**निर्णय नं. ५**

दामोदर सडक निर्माणको क्रममा कुइरेपानी — सर्रा सडक खण्डको घोराही उपमहानगरपालिका वडा नं. ३ स्थित कुइरेपानीको सुरुवातमा व्यक्तिको रैकर जग्गा परेकोले सडक निकास बन्द भएको हुँदा निर्माणमा अवरोध आएकोले निकासको लागि जग्गा खरिद गर्नु परेको हुँदा जग्गा खरिद प्रक्रियाका लागि र घोराही उपमहानगरपालिका वडा नं. १४ मिलनचोकको शिव घिमिरेको घर हुँदै बसपार्क जोड्ने बाटो विस्तारको लागि घर भत्काउनु पर्ने भएको हुँदा उक्त घरको क्षतिपूर्तिको लागि आ.व.०७६/७७ मा बजेट बिनियोजन समेत गरेको हुँदा सो कार्य समेत अगाडी बढाउन तपशिल बमोजिम समिति गठन गर्ने ।

तपशिलः

आर्थिक विकास समिति संयोजक : राममणि पाण्डेय : संयोजक

सम्वन्धित वडाको वडा अध्यक्ष : सदस्य

आन्तरिक व्यवस्थापन तथा खरिद शाखा प्रमुख : सदस्य सचिब

**निर्णय नं. ६ :**

घोराही उपमहानगरपालिका क्षेत्रमा माटो ढुवानी गर्ने क्रममा ढुवानी व्यवसायीहरुले इजाजत/अनुमति नलिई माटो ओसारपासर गरेको पाइएमा ढुवानी भएको सामान जफत गरी तपशिल बमोजिम जरिवाना लिने ।

तपशिलः

प्रति ट्र्याक्टर : रु. ५०००

प्रति ६ चक्की ट्रीपर : रु. १५०००

प्रती १० चक्की ट्रीपरः रु. २००००

**निर्णय नं. ७ :**

**७.१** घोराही उपमहानगरपालिका भित्र रहेका नीजी बन व्यवस्थापन तथा नियमन कार्यविधि निर्माण गर्न तपशिल बमोजिम समिति गठन गर्ने ।

तपशिलः

सरसफाई, वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक : शक्तिराम डाँगी : संयोजक

सरसफाई, वातावरण तथा विपद व्यवस्थापन समिति सदस्य : भिम बहादुर सार्कीः सदस्य

सरसफाई, वातावरण तथा विपद व्यवस्थापन समिति सदस्य : रेब बहादुर बुढाथोकीः सदस्य

सरसफाई, वातावरण तथा विपद व्यवस्थापन समिति सदस्य : मान बहादुर बस्नेत : सदस्य

सरसफाई, वातावरण तथा विपद व्यवस्थापन समिति सदस्य : धन बहादुर कुसुण्डा : सदस्य

वातावरण तथा विपद व्यवस्थापन महाशाखा : उमेश शर्मा : सदस्य सचिब

**७.२** घोराही उपमहानगरपालिकाको सरकारी तथा सार्वजनिक जग्गा संरक्षण तथा उपयोग सम्वन्धी कार्यविधि २०७६ निर्माण गर्न तपशिल बमोजिम समिति गठन गर्ने ।

तपशिलः

पूर्वाधार विकास समिति संयोजकः नगर प्रमुख नरुलाल चौधरी : संयोजक

भवन अनुमति तथा नक्सा शाखाको १ जना प्राविधिक कर्मचारी : सदस्य

शहरी तथा पूर्वाधार विकास महाशाखा १ जना प्रतिनिधि :सदस्य

वातावरण तथा विपद व्यवस्थापन महाशाखा १ जना प्रतिनिधि : सदस्य

सामान्य प्रशासन महाशाखा प्रमुख : सदस्य सचिव

**निर्णय नं. ८ :**

यस घोराही उपमहानगरपालिकाले बनाएको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धी कार्यविधि, २०७५ बमोजिम सबै प्रक्रिया र कागजातहरु पुरा गरे नगरेको हेरी गौमुखी, ७ प्युठान, राम खोला निर्माण सेवा प्रा.लि.का प्रो. देवेन्द्र पुरी, तुलसीपुर-१७, अम्बिकेश्वरी निर्माण सेवाका प्रो. गोविन्द बहादुर के.सी. र घोराही वडा नं. १५, आर. एन. सि. निर्माण सेवाका प्रो. राम नारायण चौधरीहरुलाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र दिने निर्णय गरियो ।

**निर्णय नं. ९ः**

घोराही उपमहानगरपालिका वडा नं. १३ को च.नं. १७०६, मिति २०७६/१०/०३ को पत्रानुसार साविक बनगाउँ २ ख, कि.नं. ११६ को सरकारी प्रति ऐलानी जग्गा मध्ये घोराही उपमहानगरपालिका वडा नं. १८ जाने बाटोको उत्तरतर्फको जग्गा विपश्यना ध्यान तथा चरित्र निर्माण केन्द्रको भवन निर्माण गर्न सिफारिस माग भै आएको हुँदा उपर्युक्त कि.नं.को उपर्युक्त तर्फको जग्गा केन्द्रको भवन निर्माणका लागि निःशुल्क रुपमा उपलब्ध गराउने ।

**निर्णय नं. १०ः**

लैङ्गिक हिंसा नियन्त्रणका लागि पालना गर्नुपर्ने आचारसंहिता र स्थानीय बालमैत्री शासनका लागि बालमैत्री आचारसंहिता २०७६ पारित गर्ने ।

**निर्णय नं. ११ः**

यस घोराही उपमहानगरपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुको २०७६ माघ १ गते देखि लागु हुने गरि ६ महिनाका लागि करार अवधि थप गर्ने ।